Government of Nepal
Ministry of Finance

KOICA
Government of the Republic of Korea
Korea International Cooperation Agency

**Press Release**

## Nepal and Korea Sign two Separate Agreements for Stable Reintegration of Korea Returnee Migrants and Strengthening Cyber Bureau of Nepal Police

The Ministry of Finance (MoF) on behalf of the Government of Nepal and the Embassy of the Republic of Korea on behalf of the Government of the Republic of Korea signed the Memorandum of Understanding (MoU) for 2 projects "Strengthening Stage-Wise Support System for the Stable Reintegration of Korea Returnee Migrants in Nepal" and "Establishment of Cyber Bureau with Capacity Building for Nepal Police" at the Ministry of Finance. For these two projects, Government of Korea agrees to extend a total of US$ 16 million (approximately NRs 2.00 billion) US $ 8 million each as grant assistance to Nepal.

The MoUs to this effect were signed by Mr. Krishna Hari Pushkar, Finance Secretary and H.E. Chong-suk Park, Ambassador of the Republic of Korea to Nepal. The projects will be implemented by Korea International Cooperation Agency (KOICA) in close collaboration and coordination with respective line ministries and other government agencies.

Korea Returnee migrant support project aims to contribute to socio-economic development of Nepal and increase employment through stable reintegration of Korea returnee migrants and enhancement of their entrepreneurship capacity. The project will also create a virtuous cycle and support system for Korea returnee migrants in Nepal for their enhanced information accessibility, and increased access to financial support through Agriculture Development Bank Limited (ADBL).

Similarly, the main objective of the Cyber Bureau project is to strengthen the anti-cyber-crime capabilities of Nepal Police wherein, the main component of the project is to construct a state-of-art building of the Cyber Bureau, provide equipment related to cyber-crime investigation and digital forensic lab and capacity building of relevant human resources of Nepal Police.

Finance Secretary Mr. Krishna Hari Pushkar, in his brief remark, expressed the importance of these two project in equipping and capacitating Cyber Bureau to control increasing cases

of cyber-crime as well as reintegrating the returnee migrant workers from Korea to establish themselves in their society and to increase their employability in Nepal.

During the event, H.E Chong-suk Park expressed his concerns on the rate of cybercrimes that is massively increasing worldwide and in Nepal as well and he hoped that the Cyber Crime Control Project shall be an important support to strengthen the capacity of Nepal Police to control cybercrimes in Nepal. Similarly, H.E Park stated that through the Korea Returnee Migrants project the large number of Korea returnees can utilize their skills and establish enterprise, which can generate employment and contribute in economic growth of the country.

The government of Nepal has expressed its sincere appreciation for the government of the Republic of Korean for this financial support as well as other support extended to Nepal.

September 23, 2022
Ministry of Finance, Singhdurbar, Kathamndu

नेपाल सरकार
अर्थ मन्त्रालय

KOICA
गणतन्त्र कोरिया सरकार
कोरिया अन्तराष्ट्रिय सहयोग संस्था

# प्रेस विज्ञप्ती

## नेपाल र कोरियाबीच कोरियाबाट फर्किएका आप्रवासीहरुको स्थिर पुन:एकीकरण र नेपाल प्रहरीको साइबर ब्यूरो सुदृढीकरणका लागि दुई छुट्टाछुट्टै सम्झौतामा हस्ताक्षर

नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालय र गणतन्त्र कोरिया सरकारको तर्फबाट गणतन्त्र कोरियाको राजदूतावासले "कोरियाबाट नेपाल फर्कने आप्रवासी कामदारहरूको स्थिर पुन:एकीकरणका लागि चरणबद्ध सहयोग प्रणाली सुदृढ गर्ने" र "नेपाल प्रहरीको क्षमता अभिवृद्धि सहितको साइबर ब्यूरोको स्थापना" गर्ने दुई आयोजना कार्यान्वयन सम्बन्धी समझदारी पत्रमा अर्थ मन्त्रालयमा हस्ताक्षर भएको छ । प्रत्येक आयोजनाका लागि ८० लाख लागि अमेरिकी डलरका दरले यी दुई आयोजनाका लागि कोरिया सरकारले नेपाललाई कुल १ करोड ६० लाख अमेरिकी डलर (लगभग रु. दुई अर्ब) अनुदान सहायता उपलब्ध गराउन सहमत भएको छ ।

उक्त समझदारीपत्रमा अर्थ सचिव श्री कृष्णहरि पुष्कर र नेपालका लागि गणतन्त्र कोरियाका महामहिम राजदूत चोङ-सुक पार्कले हस्ताक्षर गर्नुभएको थियो । कोरिया अन्तर्राष्ट्रिय सहयोग संस्था (KOICA) ले सम्बन्धित मन्त्रालय र अन्य सरकारी निकायहरूसँगको सहकार्य र समन्वयमा आयोजनाहरू कार्यान्वयन गर्नेछ । कोरियाबाट फर्कने आप्रवासीलाई सहयोग गर्ने उक्त आयोजनाले नेपालको सामाजिक-आर्थिक विकासमा योगदान पुऱ्याउने र कोरियाबाट फर्केका आप्रवासीहरूको स्थिर पुन:एकीकरण र उनीहरूको उद्यमशीलता क्षमता अभिवृद्धि गरी रोजगारी वृद्धि गर्ने लक्ष्य राखेको छ।

यस आयोजनाले नेपालमा कोरियाबाट फर्केका आप्रवासीहरूको सूचनाको पहुँचमा वृद्धि गर्न र कृषि विकास बैंक लिमिटेड (ADBL) मार्फत आर्थिक सहयोगमा पहुँच बढाउनको लागि एक सकारात्मक चक्र (Vrituous Circle) र सहयोग प्रणाली पनि सिर्जना गर्नेछ।

त्यसैगरी साइबर ब्यूरो परियोजनाको मुख्य उद्देश्य नेपाल प्रहरीको साइबर अपराध विरुद्धको क्षमतालाई सुदृढ गर्नु रहेको छ । जसमा साइबर ब्यूरोको अत्याधुनिक भवन निर्माण, साइबर अपराध अनुसन्धानसँग

सम्बन्धित उपकरण र डिजिटल फरेन्सिक ल्याब उपलब्ध गराउने र नेपाल प्रहरीको सम्बन्धित जनशक्तिको क्षमता अभिवृद्धि हुनेछ।

सो समारोहमा अर्थ सचिव श्री कृष्णहरि पुष्करले साइबर अपराधका बढ्दो घटनालाई नियन्त्रण गर्न साइबर ब्यूरोलाई सक्षम र सुसज्जित बनाउनका साथै कोरियाबाट फर्केका आप्रवासी कामदारहरूलाई आफ्नो समाजमा स्थापित गर्न र नेपालमा रोजगारी बढाउनका लागि यी दुई परियोजना महत्त्वपूर्ण रहेको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा महामहिम राजदुत चोङसुक पार्कले विश्वभर र नेपालमा पनि व्यापक रूपमा बढ्दै गएको साइबर अपराधको दरप्रति चिन्ता व्यक्त गर्दै साइबर अपराध नियन्त्रण गर्न नेपाल प्रहरीको क्षमता अभिवृद्धि गर्न साइबर अपराध नियन्त्रण आयोजना महत्वपूर्ण सहयोग हुने विश्वास व्यक्त गरे । त्यसैगरी, महामहिम राजदुत पार्कले कोरियाबाट फर्किएका आप्रवासी सम्बन्धी आयोजना मार्फत ठूलो संख्यामा कोरियाबाट फर्किएकाले आफ्नो सीपलाई उपयोग गरी उद्यम स्थापना मार्फत रोजगारी सिर्जना गरी देशको आर्थिक वृद्धिमा योगदान पु¥याउन सक्ने बताए ।

नेपाल सरकारले यो आर्थिक सहयोगका साथै नेपाललाई प्रदान गरिएको अन्य सहयोगका लागि कोरियाली गणतन्त्र सरकारप्रति हार्दिक आभार प्रकट गरेको छ ।

७ असोज २०७९ (सेप्टेम्बर २३, २०२२)
अर्थ मन्त्रालय, सिंहदरबार ।